धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

NIBL MUTUAL FUND

# एनआईबिएल म्युचुअल फण्ड

## अन्तर्गत संचालन हुने

## एनआईबिएल प्रगति फण्ड (NIBL Pragati Fund)

## को

## विवरण पुस्तिका

(सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ अन्तर्गत प्रकाशित)

प्रति इकाई मूल्य रु.१०/- दरको ६,००,००,००० (छ करोड) इकाई मध्ये बीज पूँजी बापत १०,००,००० (दश लाख) ईकाइ योजना व्यबस्थापक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा न्यूनतम ८०,००,००० (असी लाख) कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको लागि सुरक्षित राखि बाँकी न्यूनतम ५,१०,००,००० (पाँच करोड दश लाख) इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको ।

योजना दर्ता मिति : २०७३/७/२५
योजनाको किसिम : बन्दमुखी
योजनाको अवधी : ७ वर्ष ।
योजना परिपक्क हुने : इकाई बाँडफाँट भएको मितिले ७ वर्ष ।
कोष प्रर्बद्धकको रेटिङ्ग : **"[ICRANP - IR] A (Rating under watch with negative implications) (Reaffirmed)"**
योजन व्यबस्थापकको रेटिङ्ग : **"[ICRANP] AMC Quality 3 (AMC3)" Adequate Assurance On Manangement Quality**
नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७३/७/२५
इकाई बिक्री खुल्ला हुने मिति : २०७३/८/१६
इकाई बिक्री बन्द हुने मिति (छिटोमा) : २०७३/८/२० (बैंकिङ्ग समय पश्चात)
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) : २०७३/८/३० (बैंकिङ्ग समय पश्चात)
आवेदन दिनु पर्ने न्यूनतम इकाई संख्या : १०० (एक सय)
आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकम : रु.१०/–प्रति इकाईका दरले शत्प्रतिशत ।

**यस विवरण पुस्तिकाले-"योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभुति गर्दैन र कृपया लगानी गर्नु भन्दा अगाडि विवरण पुस्तिका राम्रोसँग पढ्नु होला ।"**

### कोष प्रवर्द्धक :

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था
केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौं ।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
Email:info@nibl.com.np, Website:www.nibl.com.np

### कोष सुपरिवेक्षक :

१. श्री मधुकर शम्सेर ज.ब.राणा–स्नाकोत्तर (अर्थशास्त्र) । अध्यापन तथा अर्थ विज्ञको रुपमा ४६ बर्ष भन्दा बढीको कार्य अनुभव । हाल प्राध्यापक, साउथ एसियन इन्स्टीच्युट अफ म्यानेजमेण्ट ।
ठेगाना : ४/१३९ जावलाखेल, ललितपुर ।
२. श्री शम्भु राम सिम्खडा–पि.एच.डि. (इन्टरनेशनल रिलेशन) । राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुमा २९ बर्ष भन्दा बढीको कार्य अनुभव । हाल : संस्थापक, चिरनमिलन वर्ल्डसिप क्याम्पस काठमाण्डौं, नेपाल ।
ठेगाना : वडा नं.३, बाँसबारी, काठमाण्डौं ।
३. श्री बिमल प्रसाद कोईराला–पि.एच.डि (अर्थशास्त्र) । ३० बर्ष भन्दा बढीको नेपाल सरकारको विभिन्न प्रशासकिय क्षेत्र तथा उद्योग, अर्थशास्त्र तथा अन्तराष्ट्रिय वित्तीय एवं विकासको अनुभव । हाल स्वतन्त्र परामर्शदाता ।
ठेगाना : आनन्द भैरवमार्ग, ज्ञानेश्वर, काठमाण्डौं ।
४. डा.दुर्गेश मान सिंह–पि.एच.डि.(अर्थशास्त्र)। आर्थिक तथा राजनैतिक क्षेत्रका विज्ञ। हाल अध्यक्ष, गञ्जमान सिंह हस्पिटल, पिढुवा, चितवन ।
ठेगाना : वडा नं.२६, ९/५४८ यटका टोल, काठमाण्डौं ।
५. श्री जितेन्द्र बहादुर राजभण्डारी–चार्टर्ड एकाउण्टेन्ट, एफ.सि.ए.। ३७ बर्ष भन्दा बढीको व्यबसायिक अनुभव । हाल प्रमुख पार्टनर, जे.बि.राजभण्डारी एण्ड डिविन्स चार्टर्ड एकाउण्टेन्टस् ।
ठेगाना : वडा नं.१३, सतमार्ग, सानेपा, ललितपुर ।

**निष्काशन तथा बिक्री प्रवन्धकको कार्य आफै गर्ने योजना व्यवस्थापक**

NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाण्डौं ।
फोन नं. ४००५०८०, फ्याक्स नं. ४००५०८४
URL: www.niblcapital.com, e-mail- info@niblcapital.com

**पुनश्च : बिक्री आव्हान गरिएको इकाईका लागि आवेदन पर्न आए पश्चात् न्युनतम अवधी व्यतित भए पछि सूचना प्रकाशित गरी इकाई बिक्री बन्द गरिनेछ ।**

## २.१. बिषय सूचि


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा | ३ |
| २ | विवरण पुस्तिका तथा दरखास्त प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु | ३ |
| ३ | विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा | ४ |
| ४ | कोष प्रवर्द्धकको उद्घोषण | ४ |
| ५ | योजना व्यवस्थापकको उद्घोषण | ४ |
| ६ | कोष सुपरिवेक्षकको उद्घोषण | ४ |
| ७ | योजना सम्बन्धी संक्षिप्त जानकारी | ४ |
| ८ | कोष प्रवर्द्धक सम्बन्धी जानकारी | ६ |
| ९ | योजना व्यवस्थापक सम्बन्धी विवरण | ८ |
| १० | कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षक सँगको सम्झौता सम्बन्धी विवरण | १८ |
| ११ | योजना सम्बन्धी विवरण | २० |
| १२ | योजनाको उद्देश्य | २१ |
| १३ | योजनाले लगानी गर्ने क्षेत्र | २१ |
| १४ | योजनाको वित्तिय प्रक्षेपण सम्बन्धी विवरण | २१ |
| १५ | योजनाको खर्च सम्बन्धी विवरण | २४ |
| १६ | योजनाको मुनाफा वितरणको लक्ष्य | २४ |
| १७ | लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कुनै पनि कर सम्बन्धी व्यवस्था | २५ |
| १८ | खुद सम्पत्ती मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था | २५ |
| १९ | योजनामा अर्न्तनिहित जोखीम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | २५ |
| २० | इकाई निष्काशन सम्बन्धी विवरण | २७ |
| २१ | इकाई बिक्री खुला गरिने मिति तथा अवधी | २७ |
| २२ | आवेदन संकलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी | २८ |
| २३ | आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु | २८ |
| २४ | खरीद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या | २८ |
| २५ | इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था | २८ |
| २६ | आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु | २८ |
| २७ | इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा | २९ |
| २८ | गुनासो सुन्ने र समाधान गर्ने प्रकृया | २९ |

## २.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ।
(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धि ऐन, २०६३ सम्झनु पर्दछ।
(ग) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ सम्झनु पर्दछ।
(घ) "निर्देशिका" भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ।
(ङ) "विवरण पुस्तिका" भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नुअघि योजनाको सम्बन्धमा सम्भावित लगानीकर्ताहरुलाई जानकारी प्रदान गर्ने प्रयोजनका लागि निर्देशिका बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनु पर्दछ।
(च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंक सम्झनु पर्दछ।
(छ) "कोष प्रवर्द्धक" भन्नाले बोर्डमा नियमावली बमोजिम एनआईबिएल म्युचुअल फण्ड दर्ता गराउने बैंक नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड सम्झनु पर्दछ।
(ज) "योजना व्यवस्थापक" भन्नाले एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड सम्झनु पर्दछ।
(झ) "कोष सुपरिवेक्षक" भन्नाले नियमावलीको व्यवस्था बमोजिम एनआईबिएल म्युचुअल फण्डको सुपरिवेक्षण कार्यका लागि नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडबाट नियुक्त व्यक्तिहरुको समुह सम्झनु पर्दछ।
(ञ) "डिपोजिटरी" भन्नाले योजना अर्न्तगतका इकाईधनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सो को रेकर्ड राख्ने, इकाईधनीहरुलाई लाभांश वितरण गर्ने जस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमति प्राप्त संस्था सम्झनु पर्दछ।
(ट) "संकलन केन्द्र" भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा बिक्रीका लागि आवेदन फाराम बुझ्ने तथा इकाई बाँडफाँट पुर्जा र इकाईधनी प्रमाणपत्र वितरणका लागि योजना व्यवस्थापक कम्पनीले तोकेको संस्था सम्झनु पर्दछ।
(ठ) "निष्काशन बैंक" भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट प्राप्त रकम संकलन केन्द्रबाट तत्काल सुरक्षित तवरले राख्नका लागि खाता खोली व्यवस्था गरिएको बैंक वा वित्तिय संस्था सम्झनु पर्दछ।

## २.३. विवरण पुस्तिका तथा दरखास्त प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं। |
| २. | नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौं तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु। |

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्धारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरु/वित्तीय संस्थाहरुमा आवेदन फाराम तथा विवरणपत्र प्राप्त गर्न र दरखास्त फाराम साथ इकाई रकम जम्मा गर्ने व्यवस्था गरिनेछ। सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुनुअघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ इकाईको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। इकाई बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन।

**दरखास्त फाराम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ।**

२.४. **विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :**

यस विवरण पुस्तिकामा उल्लेख गरीएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनु भन्दा अगाडी नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भएपश्चात् निष्काशन खुल्ला हुनु अघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सो को सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

३. **उद्घोषण :**

३.१ **नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लिखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

३.२ **कोष प्रवर्द्धकको उद्घोषण :**

योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा संचालनमा आउनेछ । योजना व्यवस्थापकको संचालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि संचालकमार्फत योजनाको व्यवसायीक तथा नियमसंगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ । विवरण पुस्तिकामा समावेश विवरण सत्य तथ्य रहेका छन् । यस विवरण पुस्तिका मार्फत निष्काशन गरिने इकाईहरु सार्वजनिक निष्काशन गर्नका लागि कोष प्रवद्धकले ईक्रा नेपाल लि. बाट **"[ICRANP - IR] A (Rating under watch with negative implications) (Reaffirmed)"** प्राप्त गरेको छ ।

३.३ **योजना व्यवस्थापकको उद्घोषण :**

यो विवरण पुस्तिकामा कोष प्रवर्द्धक, कोष सुपरिवेक्षक, योजना व्यवस्थापक तथा प्रस्तावित योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ। यस विवरण पुस्तिकामा उल्लेख गरिएको वित्तीय विवरण, अन्य विवरण तथा जानकारी तथा कागजातहरुको सत्यता तथा शुद्धता प्रति उक्त विवरण पुस्तिकामा हस्ताक्षर गर्ने हामी संचालकहरुको व्यक्तिगत वा सामुहिक रुपमा जवाफदेहिता बहन गर्दछौ तथा लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

३.४ **कोष सुपरिवेक्षकको उद्घोषण :**

यो विवरण पुस्तिकामा योजनासम्बन्धी सम्पुर्ण जानकारीहरु स्पष्टसँग राखिएको तथा यसले लगानीकर्तालाई योजनामा लगानीका लागि सु-सूचित निर्णयमा सघाउ पुऱ्याउने हाम्रो अपेक्षा रहेको छ । योजना व्यवस्थापकको योजना संचालन गर्नसक्ने क्षमता तथा नियमावलीले तोके बमोजिमका आवश्यक पुर्वाधार व्यवस्था गरेको आधारमा यो योजना स्वीकृत गरिएको छ । यस विवरण पुस्तिकामा योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षक सम्बन्धमा समावेश गरिएका जानकारीहरु हामीले जाने बुझेसम्म सत्य तथ्य रहेका छन् ।

४. **योजना सम्बन्धी संक्षिप्त जानकारी :**

| | | |
|---|---|---|
| १. | योजनाको नाम | एनआईबिएल प्रगति फण्ड **(NIBL PRAGATI FUND)** |
| २. | योजनाको आकार | रु.६००,०००,०००।- (साठी करोड) |
| ३. | योजनाको प्रकार | बन्दमुखी **(Close-End)** |
| ४. | निष्काशन गर्न लागिएको इकाई संख्या | ६,००,००,००० (छ करोड) |
| ५. | प्रति इकाई मूल्य | रु.१०/– (अक्षरेपी दश रुपैंया) |
| ६. | कुल निष्काशन मध्ये न्यूनतम खरिद गर्न पाउने इकाई संख्या | १०० (एक सय) इकाई |
| ७. | कुल निष्काशन मध्ये अधिकतम सकारिने इकाई संख्या | ७,५०,००,००० (सात करोड पचास लाख) |
| ८. | योजनाको अवधि | ७ बर्ष |
| ९. | योजना परिपक्व हुने मिति | इकाई बाँडफाँट भएको मितिले ७ वर्ष |
| १०. | योजना बिक्री खुल्ला हुने मिति | २०७३/८/१६ |
| ११. | योजना बिक्री बन्द हुने मिति (छिटोमा)<br>योजना बिक्री बन्द हुने मिति (ढिलोमा) | २०७३/८/२० (बैंकिङ्ग समय पश्चात)<br>२०७३/८/३० (बैंकिङ्ग समय पश्चात) |
| १२. | इकाई बिक्री केन्द्रहरु | योजना व्यवस्थापकको कार्यालय, कोष प्रवर्द्धक श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि.को केन्द्रिय कार्यालय, बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा योजना व्यवस्थापकले सूचना प्रकाशित गरी |

| | | |
|---|---|---|
| | | जारी गरेका अन्य मर्चेन्ट बैंकर लगायत बैंक तथा वित्तिय संस्थाहरु |
| १३. | खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या | १०० (एक सय) इकाई |
| १४. | खरीद गर्न सकिने अधिकतम इकाई संख्या | ६० लाख इकाई (रु. छ करोड) |
| १५. | इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था | इकाई बिक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र बाँडफाँट निर्देशिका, २०६८ बमोजिम इकाईको बाँडफाँट गरिनेछ । |
| १६. | सूचिकरण तथा दोस्रो बजार कारोवार व्यवस्थाहरु | योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत गरी कारोवार हुने व्यवस्था गरिने छ । |
| १७. | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ । |
| १८. | इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नेपाली नागरिक, गैर आवसीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली संस्था (कम्पनी), बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । |
| १९. | योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड,<br>वडा नं. २, लाजिम्पाट, काठमाण्डौं ।<br>कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६७/११/२५<br>दर्ता नं. १२८४/०६७/०६८<br>नेपाल धितोपत्र बोर्डबाट योजना व्यबस्थापकको अनुमति प्राप्त मितिः २०७०/५/७ |
| २०. | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | आ.ब. २०७२/०७३ को लागि योजनाको प्रस्तावित लेखापरिक्षक :<br>एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्स, पकनाजोल, काठमाण्डौं ।<br>योजना व्यवस्थापकको लेखापरिक्षक :<br>जिएण्डजि एशोसियट्स, चार्टर्ड एकाउण्टेन्ट्स, धोबिधारा, काठमाण्डौं (बाह्य लेखापरीक्षक) । |
| २१. | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | १.मधुकर शम्सेर ज.ब.राणा, ४/१३९ जावलाखेल, ललितपुर<br>२.शम्भु राम सिम्खडा, वडा नं.३, बाँसबारी, काठमाण्डौं<br>३.बिमल प्रसाद कोईराला, आनन्द भैरवमार्ग, ज्ञानेश्वर, काठमाण्डौं<br>४.डा.दुर्गेश मान सिंह,वडा नं.२६,९/५४८ यटका टोल, काठमाण्डौं<br>५.जितेन्द्र बहादुर राजभण्डारी, सतमार्ग १३, सानेपा, ललितपुर |
| २२. | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ ले सामूहिक लगानी कोष अन्तर्गत संचालन हुने योजनाको रेटिङ्ग गर्नुपर्ने व्यवस्था नगरेको तथा प्रस्तावित योजना संचालन स्वीकृतीको क्रममा योजनाको रेटिङ्ग गर्न आवश्यक पर्ने कार्य सम्पादन (कारोवार तथा लगानी, आय व्यय, सम्पत्ती तथा दायित्व इत्यादी) को अवस्था श्रृजना भैनसक्ने हुँदा योजनाको रेटिङ्ग गरिएको छैन । |
| २३. | लगानीका क्षेत्रहरु | १.नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सुचीकृत भएका शेयर, डिवेन्चर तथा अन्य धितोपत्रहरु ।<br>२.बैंक तथा वित्तिय संस्थामा निक्षेप ।<br>३.नेपाल धितोपत्र बोर्डबाट स्वीकृति लिई लगानी गरिने अन्य क्षेत्रहरु<br>उपरोक्त अनुसार उल्लेखित क्षेत्रहरुमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्येनजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रमा सामूहिक लगानी कोष नियमावली, २०६७ को सिमा ननाध्ने गरी सार्न सकिनेछ । तरलता प्रदान गर्ने उद्देश्यले व्यवस्था गरिएको वा लगानी भैनसकेको अवस्थामा रहेका रकमलाई लगानीकर्ताको हित तथा जोखिम अवस्थालाई मध्येनजर गरी कम्तिमा राष्ट्रियस्तरका बैंक वित्तिय संस्थामा सकेसम्म बढी |

| | | |
|---|---|---|
| | | व्याज आउने गरी चल्ति खाताकै प्रकृति रहेका तर व्याज समेत प्राप्त गर्न सकिने कल एकाउण्टमा राख्ने व्यवस्था गरिनेछ । |
| २४. | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य समेत गर्नेछ । |
| २५. | खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था | सामूहिक लगानी कोष निर्देशिका,२०६९ ले व्यवस्था गरे बमोजिम खुद सम्पत्ती मूल्य गणना गरिनेछ, जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ । |

**५. कोष प्रवर्द्धक सम्बन्धि जानकारी :**

५.१ कोष प्रवर्द्धकको नाम : श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड ।

५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत : चुक्ता पूँजीको आधारमा शत् प्रतिशत ।

५.३ कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धि विवरण :
कम्पनी कानून बमोजिम नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरेको ।

५.४ कोष प्रवर्द्धकको संक्षिप्त ईतिहास :
नेपाल इन्भेष्टमेण्ट बैंक लि., तत्कालिन कम्पनी ऐन तथा तत्कालिन बाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते उद्योग तथा बाणिज्य मन्त्रालय, बाणिज्य विभागमा दर्ता भएको हो । यस बैंकले तत्कालिन बाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजत पत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको छ । नेपाल भित्र बैदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो । सो मुताविक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका बिभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुर्‍याउँदै आएको छ । यस बैंकको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा ब्यबस्थापनमा लामो समय देखि आबद्ध रहेको ब्यक्तित्वहरु हुनु हुन्छ ।

५.५ कोष प्रवर्द्धकको प्रमुख उद्देश्यहरु :
नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग ब्यबसाय) गर्ने यस बैंकको मूख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै वित्तीय सेवाबाट बञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशिल ब्यबसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमूलक, रोजगारीमूलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५.६. कोष प्रवर्द्धकको विगत तीन बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर सेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण :

**समष्टिकृत वासलात**

**(रु.हजारमा)**

| शेयर पूँजी तथा दायित्वहरु | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ |
|---|---|---|---|
| शेयर पूँजी | ४,७६८,७१४ | ६,३४५,७०१ | ८,७०६,६१२ |
| जगेडा तथा कोषहरु | ३,१६३,९०५ | ३,४७७,९२९ | ७,६५०,२१७ |
| ऋणपत्र तथा बण्ड | १,०५०,००० | १,५५०,००० | १,५५०,००० |
| तिर्न बाँकी कर्जा सापट | ४२४,३४० | २६३,११६ | २५०,४८० |
| निक्षेप दायित्व | ७३,८२८,०८४ | ९०,६३०,६६० | १०८,५९६,०८२ |
| भुक्तानी दिनु पर्ने बिलहरु | २६६ | २१५ | १३९,३१५ |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | १,०३६,६७७ | ८२,८६८ | १,५२३,६५७ |
| आयकर दायित्व | - | - | - |
| अन्य दायित्व | १,९०७,६१९ | ६,३७७,८३० | ५,६७२,७६० |
| **कुल दायित्व** | **८६,१७९,६०५** | **१०८,७२८,३१९** | **१३४,०८९,१२२** |

| सम्पत्ति | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७१/०७२ |
|---|---|---|---|
| नगद मौज्दात | २,१७०,७७३ | २,६६०,९३८ | २,२८५,८०४ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १२,६५२,९३७ | ८,९९२,८३९ | ७,७६७,३२३ |
| बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २,००२,२३८ | ७,०३५,८२८ | ७,२२३,९७२ |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | २३२,३७५ | - | १४९,३८० |
| लगानी | १५,२८३,२२६ | २१,४३३,१६१ | २९,१८७,३८८ |
| कर्जा सापट तथा बिल खरिद | ५२,०१९,७६५ | ६६,२१९,२३२ | ८५,४६१,०५१ |
| स्थिर सम्पत्ति | १,०६४,५५० | १,०६६,५१७ | १,०७३,७३६ |
| गैर बैंकिङ्ग सम्पत्ति | - | - | - |
| अन्य सम्पत्ति | ७५३,७४१ | १,३१९,८०४ | ९४०,४६८ |
| **कुल सम्पत्ति** | **८६,१७९,६०५** | **१०८,७२८,३१९** | **१३४,०८९,१२२** |

## समष्टिकृत नाफा नोक्सान हिसाब

**(रु.हजारमा)**

| विवरण | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ५,८२०,५९२ | ५,७९३,४७५ | ६,८५६,९५८ |
| २. ब्याज खर्च | २,८१८,८०६ | २,८०७,१६७ | (२,८४४,४१८) |
| **खुद ब्याज आम्दानी** | **३,००१,७८६** | **२,९८६,३०८** | **४,०१२,५४१** |
| ३. कमिशन तथा डिस्काउण्ट | ४७९,६९९ | ५२२,५१८ | ५९५,२३१ |
| ४. अन्य संचालन आम्दानी | २२५,५५८ | २३९,०८३ | ३०४,४४६ |
| ५. सटही घटबढ आम्दानी | ४६०,२२७ | ४५८,४१८ | ५३३,२६५ |
| **कुल संचालन आम्दानी** | **४,१६७,२७०** | **४,२०६,३२७** | **५,४४५,४८३** |
| ६. कर्मचारी खर्च | ४४६,५२७ | ४९१,४८७ | (५८९,८८०) |
| ७. अन्य संचालन खर्च | ५४२,९६० | ५७९,६२१ | (६८५,७९९) |
| ८. सटही घटबढ नोक्सान | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा** | **३,१७७,७८३** | **३,१३५,२१९** | **४,१६९,८०४** |
| ९. सम्भावित नोक्सानी | २७७,२७८ | ५७३,८९२ | (४३६,४६५) |
| **संचालन मुनाफा/(नोक्सान)** | **२,९००,५०४** | **२,५६१,३२७** | **३,७३३,३३९** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ११,८४२ | १४,१६६ | ६२,७६४ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १३९,१४८ | ५३७,७०४ | ३५८,७०९ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **३,०५१,४९४** | **३,११३,१९७** | **४,१५४,८१२** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | ५२७ | - | ३७९ |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **३,०५२,०२१** | **३,११३,१९७** | **४,१५५,१९०** |
| १३.कर्मचारी बोनस व्यवस्था | २७७,४५५ | २८३,०१८ | (३७७,७४५) |
| १४.आयकर ब्यबस्था | ८२८,६५२ | ८५८,७९० | (१,१७४,१६२) |
| **खुद मुनाफा/(नोक्सान)** | **१,९४५,९१३** | **१,९७१,३८९** | **२,६०३,२८३** |
| **शेयर संख्या (हजारमा)** | ४१,४६७ | ४७,७१२ | **७२,५५५** |
| **प्रति शेयर आम्दानी (रु.)** | ४६.९३ | ४१.३१ | ३५.८८ |

## समष्टिकृत नगद प्रवाह विवरण

**(रु.हजारमा)**

| विवरण | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ |
|---|---|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | ३,६७४,४०१ | २,२२४,७५३ | (५,७००,४३८) |
| **१. नगद प्राप्ति** | **७,०७९,०३५** | **६,७६५,५९३** | **८,०७८,६५४** |
| १.१ ब्याज आम्दानी | ५,८७५,३३४ | ५,६१५,३५५ | ६,५७२,३७८ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | ५२७,६८५ | ४४२,०४१ | ५९५,३१३ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | ४६०,२२७ | ४५८,४१८ | ५३३,२६५ |
| १.४ अपलेखित कर्जाको असूली | ५२७ | - | ३७९ |
| १.५ अन्य आम्दानी | २१५,२६२ | २४९,७७८ | ३७७,३२० |
| **२. नगद भुक्तानी** | **४,४१८,८१५** | **४६३६,०८४** | **५,०९८,८७०** |
| २.१. ब्याज खर्च | २,८०८,१०४ | २,८११,०१९ | २,८१०,५५० |
| २.२ कर्मचारी खर्च | ४४६,६७२ | ४९१,४२६ | ५९०,८७६ |
| २.३ कार्यालय संचालन खर्च | ३९३,३७८ | ४३५,९४० | ५२७,९६९ |

| | | | |
|---|---|---|---|
| २.४ आयकर भुक्तानी | ७७०,६२६ | ८९७,६३२ | १,१६६,४५८ |
| २.५ अन्य खर्च | ३५ | ६६३ | ३,०१६ |
| **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | **२,६६०,२२०** | **२१,२९,५०९** | **२,९७९,७८४** |
| **सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि)** | **(१०,१८५,४६७)** | **(२०,७४२,९०९)** | **(२५,९३८,७८६)** |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | ३५,०२५ | २३२,३७५ | (१४९,३८०) |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | (४,३१०,६६९) | (६,४०२,०६१) | (७,०८८,४३४) |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (५,७३३,३७२) | (१४,०८६,३८५) | (१९,०७५,७५४) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (१७६,४५१) | (४८६,८३८) | ३७४,७८१ |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि)** | **११,१९९,६४८** | **२०,८३८,१५२** | **१७,२५८,५६४** |
| १. निक्षेप दायित्वमा (कमी)/बृद्धि | ११,४००,४८६ | १६,८०२,५७६ | १७,९६५,४२२ |
| २. अल्पकालीन सापटी भुक्तानीमा (कमी)/बृद्धि | २१,०५७ | (६८,५०७) | (१२,६३७) |
| ३. अन्य दायित्वमा (कमी)/बृद्धि | (२२१,८९५) | (४,१०४,०८३) | (६९४,२२१) |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **२६०,१८७** | **१२७,११७** | **८००,०५४** |
| १. दिर्घकालीन लगानीमा कमी/(बृद्धि) | ३६२,४४० | २५२,१२६ | (६६५,७९३) |
| २. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (१२४,३९१) | (१३७,५०६) | (१४५,५०३) |
| ३. दिर्घकालीन लगानीमा ब्याज आम्दानी | १०,५७९ | - | - |
| ४. लाभाशं आम्दानी | ११,५६० | १२,४९६ | ११,२४१ |
| **ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | **(४५२,०४८)** | **(४८८,२१३)** | **५,०८७,९८६** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | २५०,००० | (५००,०००) | - |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | १,८९९ | २,४९० | ९०९,८०९ |
| ३. शेयर प्रिमियममा बृद्धि/(कमी) | - | - | ४,५४३,७६३ |
| ४.नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनःकर्जामा बृद्धि/(कमी) | ९२,७१७ | (९२,७१७) | - |
| ५. लाभांश खर्च | (७९६,६६४) | (८९७,९८६) | (३६५,५८६) |
| **घ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **३,४८२,५३९** | **१,८६३,६५७** | **(१,४१२,५०५)** |
| **ङ) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **१३,३४३,४०९** | **१६,८२५,९४८** | **१८,६८९,६०५** |
| **च) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१६,८२५,९४८** | **१८,६८९,६०५** | **१७,२७७,०९९** |

**विगत तीन बर्षको नेटवर्थ सम्बन्धी विवरण निम्नानुसार रहेकोछ :**

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ |
| चुक्ता पुंजी | ४,७६८,७१४ | ६,३४५,७०१ | ७,२५५,५१० |
| जगेडा तथा कोषहरु | ३,१५६,७६४ | ३,४६१,२५२ | ९,१०१,३१९ |
| **कुल** | **७,९२५,४७८** | **९,८०६,९५३** | **१६,३५६,८२९** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - |
| **कुल नेटवर्थ** | **७,९२५,४७८** | **९,८०६,९५३** | **१६,३५६,८२९** |
| शेयर संख्या (हजारमा) | ४१,४६७ | ४७,७१२ | ७२,५५५ |
| प्रति शेयर नेटवर्थ (रु.) | **१९१.१३** | **२०५.५४** | **२२५.४४** |
| प्रति शेयर चुक्ता पुंजी | १००.०० | १००.०० | १००.०० |
| नेटवर्थमा औसत प्रतिफल | २४.४७% | २०.००% | १५.९२% |

**६. योजना व्यवस्थापक सम्बन्धि विवरण :**

**६.१ योजना व्यवस्थापकको परिचय :**

(क) योजना व्यस्थापकको नाम : एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड ।

(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धि विवरण : योजना व्यवस्थापक कम्पनी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापन भई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम कामकारोबार गर्न सक्ने संस्था भएको ।

(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना : का.म.न.पा., वडा नं. २, लाजिम्पाट, काठमाण्डौ ।

(घ) योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :

एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/११/२५ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्ड बाट मिति २०६९/३/४ मा अनुमतिपत्र प्राप्त गरेको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९ श्रावण १६ देखि संचालन अनुमति प्राप्त गरेको हुनाले सोही मितिबाट मर्चेन्ट बैंकिंग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन र प्रत्याभूती सेवा कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई

विविधीकरण गर्दै शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन तथा निक्षेप सदस्यको सेवा प्रदान गर्दै आइरहेको छ । साथै यस कम्पनीले मिति २०७०/५/७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्नको लागि समेत अनुमति प्राप्त गरी सकेको छ ।

(ङ) योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्र नियमावलीमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सर्म्बर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसंग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनसुार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध शीप, श्रम तथा पूँजी लाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने ।

योजना व्यबस्थापक कम्पनीको प्रबन्धपत्र तथा नियमावली संस्थाको रजिष्टर्ड ठेगाना वडा नं.२, लाजिम्पाट,काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क गरी प्राप्त गर्न वा हेर्न सकिनेछ ।

**६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडले यस अघि एनआईबिएल म्युचुअल फण्ड अन्तर्गतको एनआईबिएल समृद्धि फण्ड–१ (बन्दमुखि योजना) संचालन गरिरहेको छ, जसको इकाईहरुको सूचिकरण नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भई कारोवार समेत भईरहेको छ । कम्पनीले बजारको अवस्था हेरी यी योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखि तथा खुलामुखी योजनाहरु समेत संचालनमा ल्याउनका लागि आवश्यक गृहकार्य गरि रहेकोछ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :**

नेपालमा सामूहिक लगानी कोष संचालन सम्बन्धी व्यवसायले गति लिन थालेको तथा धितोपत्र बजारको गहिराई र चौडाई बृद्धि हुँदै गएको वर्तमान अवस्थामा कोष व्यवस्थापन व्यवसायको राम्रो भविष्य रहेकोछ । बजारमा संस्थागत लगानीकर्ताको सहभागिता न्युन रहेको वर्तमान अवस्थामा यसले धितोपत्रको बजार मूल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणहरुको लगानीलाई उचित तवरले व्यवस्थापन गरी नीजहरुलाई उचित प्रतिफल प्रदान गर्ने र सो बाट धितोपत्र बजारमा जनसाधारणहरुको सहभागितामा अभिबृद्धि गरी समग्र धितोपत्र बजारको विकासमा सघाउ पुर्‍याउनेछ । साथै यस प्रकारको व्यवसायमा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड एक व्यवसायिक तथा प्रतिस्पर्धि संस्थाको रुपले अगाडि बढ्दै गई रहकोछ ।

**६.३ योजना व्यवस्थापकको संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

योजना व्यबस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यबस्था देहाय बमोजिम रहेकोछ :

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु | ३ जना |
| २. | स्वतन्त्र व्यवसायिक सञ्चालकहरु | २ जना |
| | **जम्मा** | **५ जना** |

**६.४ योजना व्यवस्थापकको पूँजी संरचना सम्बन्धी जानकारी :**

(क) अधिकृत पूँजी : ५०,००,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/–का दरले रु.५०,००,००,०००/– (अक्षरेपी पचास करोड रुपैंया मात्र) रहेकोछ ।

(ख) जारी पूँजी : १४,५०,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/–का दरले रु.१४,५०,००,०००/– (अक्षरेपी चौध करोड पचास लाख रुपैंया मात्र) रहेकोछ ।

(ग) चुक्ता पूँजी : १०,१५,००० कित्ता साधारण शेयरको प्रति शेयर रु.१००/–का दरले रु.१०,१५,००,०००/– (अक्षरेपी दश करोड पन्ध्र लाख रुपैंया मात्र) रहेकोछ ।

**६.५ योजना व्यवस्थापकको संस्थापक/संचालक सम्बन्धी जानकारी :**

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव :

| क्र.स. | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १. | श्री नेपाल इन्भेष्टमण्ट बैंक लि. | दरवारमार्ग, काठमाण्डौं | लागु नहुने | १००% | लागु नहुने | लागु नहुने |

(ख) संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शैक्षिक योग्यता र अनुभव :

| सि.नं | नाम, ठेगाना | पद | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १. | श्री ज्योती प्रकाश पाण्डे, वडा नं. ५, मानभवन, ललितपुर । (नेपाल इन्भेष्टमेण्ट बैंक लि. को तर्फबाट) | अध्यक्ष | ५२ बर्ष | नेपाली | एम.बि.ए. | – नेपाल इन्भेष्टमेन्ट बैंकमा २ बर्ष देखि प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत ।<br>– नेपाल इन्भेष्टमेन्ट बैंकमा १४ बर्षको कार्य अनुभव ।<br>– विभागिय प्रमुख तथा शाखा प्रमुख, हिमालयन बैंक लि, १० बर्षको कार्य अनुभव ।<br>– विभागिय प्रमुख, अन्तराष्ट्रिय बैंकिङ्ग, नेपाल इन्डोस्वेज बैंक, ४ बर्षको कार्य अनुभव। |
| २. | श्री सचिन टिवडेवाल, वडा नं. ७ सिफल, काठमाण्डौं (नेपाल इन्भेष्टमेण्ट बैंक लि. को तर्फबाट) | संचालक | ३६ बर्ष | नेपाली | चार्टर्ड एकाउण्टेन्ट | – नेपाल इन्भेष्टमेन्ट बैंकमा ६ बर्ष देखि लेखा तथा बित्तिय बिभाग प्रमुखको रुपमा कार्यरत ।<br>– नेपाल इन्भेष्टमेन्ट बैंकको बिभिन्न तहमा ७ बर्षको कार्य अनुभव ।<br>– सहायक प्रबन्धक, डिलोईट् हास्किन्स् एण्ड सेल्स, ३ बर्षको कार्य अनुभव ।<br>– एस.के.मेहता एण्ड कम्पनीमा ३ बर्षको कार्य अनुभव । |
| ३. | श्री रबिन्द्र भट्टराई, वडा न. ३, ढोरफिर्दी, तनहुं | स्वतन्त्र संचालक | ४५ बर्ष | नेपाली | एम.वि.ए. | – लेक्चरर, शंकर देव क्याम्पस, पुतलिसडकमा १६ बर्षको कार्य अनुभव ।<br>– प्रोगाम कोअर्डिनेटर, स्नातक तह, कानभास इन्टरनेशनल कलेज, बसुन्धारामा कार्यानुभव।<br>– संचालक, सगरमाथा मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.मा ६ बर्षको कार्य अनुभव । |

नोट : संचालक श्री बिजेन्द्र सुवालको राजिनामा मिति २०७३/३/२६ गते बसेको संचालक समितिको बैठकले तथा श्री बिनोद कुमार गुरागाईको राजिनामा मिति २०७३/६/३ गते बसेको संचालक समितिको बैठकले स्वीकृत गरेकोले हाल संचालक पद–२ (दुई) रिक्त रहेको ।

(ग) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)

| सि.नं. | संस्थापक कम्पनीको नाम | कम्पनीले गर्ने व्यवसाय | संचालकहरुको | |
|---|---|---|---|---|
| | | | नाम, ठेगाना | पद |
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि. | बैंकिङ्ग व्यवसाय | श्री पृथ्वी बहादुर पाँडे, महाराजगञ्ज, काठमाण्डौं । प्रतिनिधि–छाँया इन्भेष्टमेण्ट प्रा.लि. | अध्यक्ष |
| | | | श्री दिपक मान शेरचन, बालुवाटार, काठमाण्डौं । प्रतिनिधि : महालक्ष्मी इन्भेष्टमेण्ट प्रा.लि. | संचालक |
| | | | श्री प्रजन्य राजभण्डारी, कमलादी, काठमाण्डौं । प्रतिनिधि– सोफिया इन्भेष्टमेण्ट प्रा.लि. | संचालक |
| | | | श्री सूर्य प्रकाश श्रेष्ठ, वडा नं. १३, ताहाचल, काठमाण्डौं । | संचालक |
| | | | श्री बीर बिक्रम रायमाझी कुमारीगाल, काठमाण्डौं। प्रतिनिधि – राष्ट्रिय बीमा कम्पनी लि. | संचालक |
| | | | श्री भुवनेश्वर प्रसाद शाह, ग्यालेक्सीमार्ग,काठमाण्डौं। | संचालक |

| | | | | |
|---|---|---|---|---|
| | | | श्री मोहन मदन बुढाथोकी, चण्डोल, काठमाण्डौं । | व्यवसायिक संचालक |

(घ) संगठित संस्थाको संचालक अन्य कुनै कम्पनी/संस्थासँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना :

| क्र.सं. | संचालकको नाम | आवद्ध भएको अन्य कम्पनीको नाम तथा ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री ज्योती प्रकाश पाण्डे | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सचिन टिवडेवाल | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं | प्रमुख वित्त |

(ङ) संचालकहरुलाई दिईएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ ।

(१) संचालक समिति वा अन्य उपसमितिको बैठकमा उपस्थित भए बापत प्रति बैठक प्रत्येक संचालकलाई रु.८,०००/–भत्ता प्रदान गरिनेछ । तर समितिमा आमन्त्रित व्यक्ति उपस्थित भएमा निजलाई सो भत्ता प्रदान गरिने छैन ।

(२) कम्पनीको कामको सिलसिलामा देशभित्र वा विदेश भ्रमणमा जाँदा देहाय बमोजिमको दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिईनेछ ।

(क) प्रथम श्रेणीको यातायात सुविधा बिल बमोजिम ।

(ख) आवास तथा भोजनको निमित्त पाँच तारे होटेलको बिल बमोजिम ।

(ग) दैनिक भत्ता :

१. नेपालभित्र ने.रु.२,५००/–

२. भारतभित्र भा.रु.२,५०० /–

३. भारत बाहेक अन्य सार्क मुलुकहरुमा अमेरिकी डलर १५० बराबर ।

४. बाँकी अन्य मुलुकहरुमा अमेरिकी डलर २०० बराबर ।

(३) सञ्चालकले यस नियममा लेखिएदेखि बाहेक अन्य कुनै ब्यक्तिगत फाईदा वा सुबिधा लिएको पाईएमा प्रचलित ऐन कानुन बमोजिम कसुर गरेको मानि त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

**६.६ योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी :**

(क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव सम्बन्धी विवरण,

| क्र.सं. | कर्मचारीको नाम | पद | उमेर | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री शिवान्त बहादुर पाँडे | प्रमुख कार्यकारी अधिकृत | ३४ बर्ष | एम.ए. | बिभागिय प्रमुख, रिसर्च एण्ड डेभलपमेन्ट, नेपाल इन्भेष्टमेण्ट बैंक, ५ बर्षको कार्य अनुभव।<br>प्रबन्धक(लगानी),सोफिया इन्भेष्टमेण्ट प्रा.लि.,१ बर्षको कार्य अनुभव ।<br>डिलोईट् टूर्स टोमात्सू, इमर्जिङ्ग मार्केट्स, १ बर्षको कार्य अनुभव । |
| २. | श्री मेख बहादुर थापा ठाडा | महाप्रबन्धक | ३५ बर्ष | चार्टर्ड एकाउण्टेन्ट | नेपाल धितोपत्र बोर्डमा उपनिर्देशक तथा विभागिय प्रमुख तहमा करिब ४ वर्षको कार्य अनुभव तथा स्नातक तहमा लेखा तथा वित्त विषयको अध्यापन ।<br>सिद्धार्थ क्यापिटल लिमिटेडमा करिव ३ वर्ष बढीको कार्य अनुभव । |
| ३. | श्री कबिन्द्र ध्वज जोशी | नायव महाप्रबन्धक | ४० बर्ष | एमबिए, ईएमबिए | एनआईडिसी क्यापिटल मार्केट्स लि. मा सहायक स्तर देखि सहायक प्रबन्धक पदमा रही करिब ८ बर्षको कार्य अनुभव।<br>एस डेभलपमेण्ट बैंक लि.मा नायव प्रबन्धकको पदमा रही करिब २ बर्ष भन्दा बढीको कार्य अनुभव ।<br>ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड (हाल प्रभु क्यापिटल लि.) मा महाप्रबन्धकको रुपमा करिब ६ बर्षको कार्य अनुभव ।<br>मर्चेन्ट बैंकिङ्ग सम्बन्धी ब्यबसायमा करिब १८ बर्षको कार्य अनुभव । |
| ४. | श्री बद्रि प्रसाद प्याकुरेल | बरिष्ठ प्रबन्धक | ४४ बर्ष | एम.ए. | सिभिल क्यापिटल मार्केटस् लि. मा प्रबन्धकको रुपमा करिब ५ बर्षको कार्य अनुभव ।<br>नेपाल फाइनान्स लि. मा मर्चेन्ट बैंकिङ्ग विभाग प्रमुखको रुपमा २ बर्षको कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अनुभव ।<br>सहायक अधिकृत राष्ट्रिय स्तरको विकास बैंकमा ८ बर्षको कार्य अनुभव।<br>कार्य अधिकृत स्थानिय विकास मन्त्रालय, १ बर्षको कार्य अनुभव ।<br>नायव सुब्बा (भुकम्प पिडित क्षेत्रका) बिद्यालय पुर्नस्थापना आयोजना, ६ बर्षको कार्य अनुभव ।<br>नायब सुब्बा, आवास तथा भौतिक योजना मन्त्रालय, ६ महिनाको कार्य अनुभव । |

(ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण,

| क्र.सं | नाम | पद | आ.ब.०७२/०७३ को तलब तथा भत्ता (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | श्री शिवान्त बहादुर पाँडे | प्रमुख कार्यकारी अधिकृत | रु.१२,००,०००/– | |
| २. | श्री मेख बहादुर थापा ठाडा | महाप्रबन्धक | रु.२१,८५,३००/– | |
| ३. | श्री कबिन्द्र ध्वज जोशी | नायव महाप्रबन्धक | रु.१८,२०,०००/– | |
| ४. | श्री बद्रि प्रसाद प्याकुरेल | बरिष्ठ प्रबन्धक | रु.१०,०६,२००/– | |

**६.७. योजना व्यवस्थापकको वित्तीय विवरण सम्बन्धी जानकारी :**

योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण :

एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको विगत तीन बर्षको लेखापरिक्षण भएको वित्तिय विवरण देहाय बमोजिम रहेको छ ।

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/७३ |
| शेयर पूँजी | १०१,५०० | १०१,५०० | १०१,५०० |
| जगेडा तथा कोषहरु | ७,१४० | १६,६७७ | ६९,०७७ |
| भुक्तानी दिनु पर्ने बिलहरु | – | ४,४८९ | ६,४४९ |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | – | – |
| स्थगन कर दायित्व | ४९९ | २४६ | ४७९ |
| आयकर दायित्व | – | – | – |
| अन्य दायित्व | १,३३० | ४,३६२,२९८ | ४,२६०,९७२ |
| **कुल दायित्व** | **११०,४७०** | **४,४८५,२१०** | **४,४३८,४७७** |
| **सम्पत्ति** | **वास्तविक (रु.हजारमा)** | | |
| | **आ.ब.०७०/०७१** | **आ.ब.०७१/०७२** | **आ.ब.०७२/७३** |
| नगद मौज्दात | ५ | – | ५ |
| बैक/बित्तीय संस्थामा रहेको मौज्दात | ८४,५२४ | ४,३७५,३८३ | ४,२८१,८२३ |
| लगानी | १,१९७ | ७२,०७३ | ६२,१२६ |
| स्थिर सम्पत्ति | ६,२३७ | १२,३८६ | २३,२९१ |
| अन्य सम्पत्ति | १८,५०७ | २५,३६८ | ७१,२३२ |
| **कुल सम्पत्ति** | **११०,४७०** | **४,४८५,२१०** | **४,४३८,४७७** |

## नाफा नोक्सान हिबास

| विवरण | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/७३ |
| **आम्दानी** | | | |
| निष्कासन तथा बिक्री प्रबन्ध | ८७९ | ३,४६७ | १,६९४ |
| प्रत्याभूति | – | १,१२३ | १,३३६ |
| शेयर रजिष्ट्रार | ४३७ | १,४५३ | १,९५८ |
| लगानी व्यवस्थापन | ९ | ३३६ | १,६३३ |
| योजना व्यवस्थापन | – | ९,००३ | २१,७२५ |
| डिपोजिटरी | – | २,५७२ | ६,२०७ |
| निक्षप सदस्यता | – | २५५ | ६,७६० |
| अन्य आम्दानी | २,९०८ | २२५ | ११,४३६ |
| सङ्कलन कमिशन शुल्क | १,५२८ | ६,०४० | २४,०२७ |
| फिर्ता भुक्तानी | – | १,२४३ | १४,६६० |
| कुल आम्दानी | **५,७६२** | **२५,७१७** | **९१,४३६** |
| धितोपत्र बोर्ड शुल्क | ६६ | ९७९ | २,०९० |
| सिडिएस शुल्क | | ३२ | ९३९ |
| अन्डरराइटिङ्ग (प्रत्याभुति) | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% | १.००% |
| व्याज आम्दानी : माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४.००% | ४.००% | ४.००% | ४.००% | ४.००% | ४.००% | ४.००% |
| आईपिओ शेयरको बिक्री | ३०.००% | ३०.००% | ३०.००% | ३०.००% | ३०.००% | ३०.००% | ३०.००% |
| आर्जित नाफा/(नोक्सान) | ७.९१% | ९.७१% | १०.५१% | ११.३४% | १२.२२% | १३.१४% | ७.९१% |
| आर्जित हुन बांकि (Unrealized) पूजिंगत नाफा/(नोक्सान) | ६.६५% | ७.१५% | ७.७४% | ८.३६% | ९.००% | ९.६८% | ६.१८% |
| लगानीमा प्रतिफल | १४.५६% | १६.८६% | १८.२५% | १९.७०% | २१.२२% | २२.८३% | १४.०९% |

- योजनाका प्रक्षेपित वित्तीय विवरणहरु योजना व्यवस्थापक कम्पनी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको व्यवस्थापनले तयार गरेको हो र सोको पुनरावलोकन तथा प्रमाणित चार्टर्ड एकाउन्टेन्ट संस्था आरकेएस एण्ड एशोसियट्का चार्टर्ड एकाउन्टेन्ट श्री राजेश कुमार शाहले गर्नुभएको हो ।
- उल्लेखित लगानीको प्रतिशत आय आर्जनको विभिन्न उद्देश्य राखेर तोकिएको हो । यस्तो उद्देश्यबाट लगानी गर्दा त्यस अर्न्तगतका प्रत्येक लगानीलाई सामुहिक लगानी कोष नियमावली तथा निर्देशिकाले तोकेका सिमा तथा अधिनमा रही गरिनेछ ।
- नगद लाभांश लाभांश प्रयोजन र दिर्घकालिन पूँजीगत लाभ प्रयोजनको रुपमा दोस्रो बजारमा लगानी गरिएको शेयरमा मात्र पाइने र यो सम्पूर्ण रुपमा प्राप्त हुने ।
- बोनश शेयर लाभांश प्रयोजन र दिर्घकालिन पूँजीगत लाभ प्रयोजनको रुपमा दोस्रो बजारमा लगानी गरिएको शेयरमा मात्र पाइने र यो सम्पूर्ण रुपमा लगानी गरेको वर्षमा प्राप्त नभई अर्को वर्ष प्राप्त हुने ।
- दोस्रो बजारमा कारोवार प्रयोजन, दिर्घकालिन पूँजीगत लाभ प्रयोजन र लाभांश प्रयोजनको रुपमा गरिएको शेयर लगानीमा पूँजीगत लाभ/मुल्यबृद्धि क्रमशः १०%, १५% र ५% हुने तथा क्रमशः ७५%, ४०% र ४०% लगानी गरेको वर्षमा प्राप्त हुने र बाँकी अर्को वर्ष प्राप्त हुने वा क्युमुलेट हुँदै जाने ।
- शेयरको सार्वजनिक/हकप्रद निष्काशनमा गरिएको लगानी मा कुल पूँजीगत लाभ आम्दानीको (तथा लाभांश भए सो समेत) ३०% हुने तथा सो आम्दानीको ७५% लगानी गरेको वर्षमा प्राप्त हुने र बाँकी अर्को वर्ष प्राप्त हुने वा जम्मा हुदै जाने ।
- प्रत्याभूति वापतको आय, निश्चित आम्दानी उपकरण र सञ्चालन खाताको आय सम्पूर्ण रुपमा प्राप्त हुने ।

**८.६ योजनाको खर्च सम्बन्धि विवरण :**

योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि नेपाल धितोपत्र बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सुचीकृत गराई दोस्रो बजार कारोवार व्यवस्था गराउने, सुचीकरण नविकरण गर्ने, योजनाको लेखा परिक्षण गराउने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि देहाय अनुसार खर्च हुने अनुमान गरिएको छ ।

**(क) योजना निष्काशनका लागि गरिने खर्च सम्बन्धी विवरण :**

नियमावलीको व्यवस्था बमोजिमको नेपाल धितोपत्र बोर्डमा योजना दर्ता शुल्क ०.१ प्रतिशत वा न्युनतम पाँच लाख, सूचना प्रकाशन शुल्क, आवेदन फाराम छपाई शुल्क, आवेदन संकलन, प्रशोधन तथा फिर्ता भुक्तानी शुल्क, प्रमाणपत्र छपाई तथा वितरण शुल्क, अन्य निष्काशन तथा बिक्री प्रबन्ध तथा बाँडफाँट शुल्क ।

**(ख) योजनाको नियमित खर्च सम्बन्धी विवरण :**

१. सामुहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था अनुसार प्रत्येक अर्धवार्षिक अवधिमा कायम साप्ताहिक औसत खुद सम्पत्ती मूल्य वा उक्त अर्धवार्षिक अवधीको अन्त्यमा कायम खुद सम्पत्ति मूल्य मध्ये जुन कम हुन्छ सो को वार्षिक १.५० प्रतिशतका दरले कोष व्यवस्थापन शुल्क, ०.५ प्रतिशतका दरले डिपोजिटरी शुल्क तथा ०.३ प्रतिशतका दरले कोष सुपरिवेक्षक शुल्क ।
२. सूचिकरण शुल्क नेपाल स्टक एक्सचेन्जले तोके बमोजिम ।
३. लेखापरिक्षण शुल्क, प्रचलित कानून बमोजिमको सूचना, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन शुल्क, (वास्तविक आधारमा)
४. योजनाले इकाई निक्षेप गरेको अवस्थामा सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड (CDSC) मा दर्ता शुल्क तथा अन्य सम्बन्धित शुल्क,

उपरोक्त शिर्षकका अतिरिक्त अन्य शिर्षकमा खर्च जनाईने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई खर्च जनाईनेछ ।

**८.७. योजनाको मुनाफा वितरणको लक्ष्य :**

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारणमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकता अनुसार संचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ ।

**८.८. लगानी तथा लाभांसका सम्बन्धमा लागु हुने कुनै पनि कर सम्बन्धी व्यवस्था :**

नेपाल सरकारको नीति बमोजिम सामूहिक लगानी कोषका लागि आ.व.२०७०/०७१ को आर्थिक विधेयकले योजनाको लाभांश, ब्याज तथा पूँजीगत लाभकर आम्दानीमा स्रोतमा करकट्टी गर्नु नपर्ने व्यवस्था गरेको छ । साथै योजनाले प्रतिफल वितरण गर्दा अग्रिम करकट्टी गरेर मात्र वितरण गर्ने व्यवस्था गरेको ।

**८.९. योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया :**

योजनाको अवधी समाप्त भए पश्चात् योजनाको सम्पत्ती बिक्री गरी इकाईधनीहरुलाई समानुपातिक रुपमा वितरण गरिनेछ । यसका लागि सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ र नियम ३३ को व्यवस्था बमोजिम समयमा नै योजना खारेजीको प्रकृया अगाडी बढाइनेछ र सोको स्वीकृति पश्चात् तिन महिना भित्र योजनाको सम्पत्तीलाई नगदमा परिणत गरि समानुपातिक रुपमा वितरण गरिनेछ । योजनाका सम्पत्तीहरु तिन महिना भित्रमा नगदमा परिणत गर्न नसकिएको अवस्थामा नियम ३३ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डले थप तीन महिनाको म्याद थप गरिदिन सक्नेछ र सो अवधि भित्रमा बजारको जस्तोसुकै अवस्था भएता पनि बिक्री वितरणको शुरु गरी योजनाको सम्पत्तिलाई नगदमा परिणत गरिनेछ । तथापि बजार प्रतिकुल समेत हुनसक्ने अवस्थालाई मध्येनजर गरी योजनाको अवधि समाप्त हुनु भन्दा ६ महिना अगाडि देखि नै बजारको अवस्था हेरि क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गरिनेछ जसबाट योजनाको लगानी तथा आम्दानीमा पर्न सक्ने प्रभाव योजनाको अन्तिम वर्षको प्रक्षेपणमा समेत मिलान गरिएको छ ।

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण गर्ने योजना रहेको छैन । इकाईधनीहरुको सहमति, कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृति/निर्देशनमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । त्यस्तो अवस्था आएमा नयाँ योजनाको इकाई लिन नचाहने इकाईधनीहरुलाई नगद भुक्तानीको व्यवस्था पनि गर्न सकिनेछ ।

**८.१०. खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था :**

**(क) खुद सम्पत्ती मूल्य गणना विधि :**

योजनाको कुल लगानीको मूल्यमा योजनाको खर्च कटाई खुद सम्पत्ती मूल्य गणना गरिनेछ । यसरी गणना गर्नका लागि देहायअनुसाको समिकरण प्रयोग गरिनेछ ।

| | |
|---|---|
| **प्रति इकाई खुद सम्पत्ती मूल्य =** | मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु - तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु<br>———————————<br>मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई संख्या |

**(ख) खुद सम्पत्ती मूल्य प्रकाशन सम्बन्धि व्यवस्था :**

योजनाका इकाईहरु बिक्री बन्द भएको ३० दिन भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ती मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ती मूल्य योजना व्यवस्थापकको वेवसाईट मार्फत सार्वजनिक रुपमा जानकारी गराईनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण त्रैमासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरिक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ती मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धी विवरण सार्वजनिक गर्ने सम्बन्धमा प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

**८.११. योजनामा अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

**(क) सामान्य जोखिम तत्वहरु :**

(१) सामूहिक लगानी कोषमा गरीने लगानी धितोपत्र बजारको जोखिम संग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पुरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :

सामूहिक लगानी कोष अन्तर्गतका योजनाले धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा लगानी गर्ने हुँदा धितोपत्र बजार तथा त्यस्ता लगानीमा निहित जोखिमले यसको प्रतिफलमा समेत उत्तिकै प्रभाव पार्ने हुन्छ ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ती मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमाः

योजनाको खुद सम्पत्ती मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानी मध्ये धितोपत्र बजारमा सुचीकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ती मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ती मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले नीजहरुको भविष्यको कामको लागि निर्देशन वा संकेत गर्दैन भन्ने सम्बन्धमा :

योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको संचालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सो को नियमति रिपोर्टिङ्ग गर्ने गर्दछ। योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक संस्था, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई संकेत वा निर्देशन गर्दैन ।

(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :

योजनाको संचालन तथा व्यवस्थापन प्रचलित कानूनको परिधिभित्र रहि योजना व्यवस्थापकबाट गरिने हुन्छ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन ।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :
यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको कोष रकम विभिन्न क्षेत्रमा लगानी गरिने हुन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने तवरले कोषको व्यवस्थापन गर्ने गर्दछ । तथापि, योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

**(ख) खास जोखिम तत्वहरु :**

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा प्रत्येक आर्थिक वर्षको अन्तमा लगानी गरेको आधारमा योजनाले कमाएको खुद मुनाफा अनुपातमा लाभांश पाउने छन् । यसरी लाभांश दिँदा योजनालाई आफ्नो लगानी वापत प्राप्त हुने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्ती को मूल्य वृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट भएको आम्दानीबाट दिइनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ। खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) रहने छ । योजनाको कार्य प्रगतिका आधारमा आगामी वर्षहरुमा अझ बढी लाभांश प्रदान गर्न सकिने छ । कुनै वर्ष योजनाको आम्दानीले नखामेमा योजनाको संचित मुनाफाबाट लाभांश दिन सकिनेछ तथापि योजनाले हरेक वर्ष निश्चित मुनाफा दिने सुनिश्चितता भने रहँदैन।

(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दती आदिले असर पार्ने सम्बन्धमा :
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नितिहरुमा कुनै परिवर्तन भएमा योजना संचालन तथा सो को प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सुचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरि योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा तलमाथि हुन गई योजनाको आम्दानीमा समेत केहि प्रभाव पर्न जाने तथा धितोपत्रको खरीद बिक्री कार्य ढिला हुन जाँदा बजार जोखिम समेत आकर्षित हुन सक्ने हुन्छ । साथै वित्तीय क्षेत्रमा कायम व्याजदर घटेको अवस्थामा धितोपत्र तथा वित्तिय सम्पत्तीको मूल्याङ्कनमा बृद्धि हुने र बढेको अवस्थामा कम हुन जान सक्ने हुँदा यसको असर समेत योजनाको खुद सम्पत्ती मूल्यमा पर्न जाने हुन्छ ।

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :
यस योजनाको रेटिङ्ग गरिएको छैन ।

(४) व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :
योजनाले लगानी गर्ने कुल रकम मध्ये केहि रकम बैंक निक्षेप तथा बण्ड डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा मुद्दती निक्षेप तथा अन्य कल निक्षेपमा दिईने व्याजदरमा आउने परिवर्तनले योजनाको आयमा समेत सोही अनुरुप असर पार्ने हुन्छ । साथै सम्पत्ती को मूल्यांकन (Valuation) गर्दा प्रचलित व्याजदरलाई आधार मानि गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तीको मूल्यांकनमा समेत परिवर्तन हुन सक्ने हुँदा यस्तो प्रकारको जोखिम रहन्छ ।

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदीले खुद सम्पत्ती मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :
योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, योजना बिक्री तथा प्रमाणपत्र वितरण खर्च तथा यसको वार्षिक खर्चहरु जस्तै कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, लेखा परिक्षण शुल्क, बार्षिक सुचीकरण तथा नविकरण शुल्क आदि खर्चहरु योजनाको कुल सम्पत्ती मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ती मूल्य गणना गरिने हुँदा योजनाको संचालन तथा वार्षिक खर्चले यसमा प्रभाव पार्ने हुन्छ ।

(६) ईक्वीटि सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :
इक्वीटीको मूल्यमा बजारको उतार चढाव सम्बन्धी जोखिमका साथै उक्त उपकरण जारी गर्ने कम्पनीको कार्यसम्पादनको जोखिम रहने हुन्छ । योजनाले यस्ता उपकरणहरुमा लगानी गर्दा यो जोखिमहरुले समेत सो मा प्रभाव पार्ने हुन्छ ।

(७) ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :
कुनै पनि संस्थाले जारी गरेको ऋणको सावाँ तथा व्याज भुक्तानी उक्त संस्थाको ईच्छा तथा क्षमतामा भर पर्ने हुन्छ । योजनाले लगानी गर्ने ऋणपत्रमा त्यस प्रकारको जोखिम रहने हुनसक्छ । तर योजनाले सरकारी ऋणपत्रमा लगानी गरेको छ भने उक्त लगानीको सवालमा योजनामा यस्तो प्रकारको जोखिम रहदैन ।

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतीनै तरलता आउने बारे उल्लेख गर्ने :
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तीमा परिणत गर्नका लागि उक्त धितोपत्रको तरलतामा निर्भर गर्ने हुँदा योजनामा तरलतासम्बन्धी जोखिम रहन सक्छ ।

(९) ब्याजदरमा हुने जोखिम यसको गतिबिधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदी बारे :
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । सरकारी ऋण बृद्धि भएमा वा मुद्रा स्फीती भएमा सो को असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ।

(१०) पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त व्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि व्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त व्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :
योजनाका इकाईहरुको निष्काशन तथा विक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

(१२) योजना अन्तर्गत लगानी गरीने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारीक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :
योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपुर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन सक्छ ।

(१३) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने:
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलव्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१४) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :
योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गरिनेछ । त्यस अवस्थामा विदेशि मुद्रा परिवर्तनबाट हुने जोखिमको असर योजनाको जोखिम तथा प्रतिफलमा पर्न सक्छ ।

(१५) योजनाको अवधि भर सो को मूल्य वृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :
योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

**(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक कम्पनी सदैव सचेत रहनेछ र सो का लागि बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी सो को व्यवस्थापनका लागि निम्न उपायहरु अवलम्बन गर्नेछ :

(क) लगानी गरिने धितोपत्रको कारोवार सम्बन्धि विवरण र धितोपत्र निष्काशन कम्पनीको वित्तीय विवरणहरु तथ्यांक प्रणालीको विकास गरिएको छ । सोको निरन्तर अधावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।

(ख) धितोपत्रमा लगानी गर्नुपुर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी निर्णय गरिने छ र यसका लागि योजना व्यवस्थापकले अभ्यासमा ल्याएको प्राविधिक तथा वित्तिय विश्लेषण विधिको उपयोग गरिने छ ।

(ग) लगानी विश्लेषणका लागि अनुसन्धान विभागको व्यवस्था गरिएको छ जसमा प्राविधिक विश्लेषक (Technical Analyst) र वित्तीय विश्लेषकको रुपमा चार्टर्ड एकाउन्टेन्टको व्यवस्था गरिएको छ ।

(घ) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तीमा परिणत गर्ने तथा तरल सम्पत्तीलाई लगानीमा परिणत गर्ने व्यवस्था मिलाईने छ ।

(ङ) लगानीमा हुने जोखिम न्युनीकरण गर्न तथा प्रतिफललाई उच्च राख्नका लागि प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विशलेषण गरेर  उपयुक्त जोखिम प्रतिफल अनुपातलाई मध्येनजर गरी कम जोखिम हुने तथा प्रतिफल उच्च हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र सामुहिक लगानी कोष नियमावली र निर्देशिकाको लगानी सिमालाई पुर्णरुपमा पालना गरी बढी से बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधिकरण गरिनेछ ।

(च) तरलता व्यवस्थापनमा उच्च सर्तकता अपनाईनेछ ।

(छ) लगानी तथा जोखिम व्यवस्थापनका लागि म्युचुअल फण्ड सफ्टवेयरको समेत उपयोग गर्ने व्यवस्था गरिएको छ र लगानीलाई निरन्तर अनुगमन गरि प्रमुख संचालन अधिकृतको संयोजकत्वमा गठित लगानी समिति, स्वतन्त्र संचालकको संयोजकत्वमा जोखिम तथा लगानी ब्यवस्थापन समिति र समय समयमा संचालक समितिमा छलफल गरि लगानी सम्बन्धि निर्णय गर्ने र आवश्यकता अनुसार पुनरावलोकन गर्ने ब्यवस्था गरिएको छ ।

**९. इकाई निष्काशन सम्बन्धी विवरण :**

**९.१ इकाई बिक्री खुल्ला गरिने मिति तथा अवधि :**

यस विवरण पुस्तिकाद्वारा निष्काशन गरिएको इकाईहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन सम्म खुल्ला रहनेछ । इकाईको लागि आवेदन लिने कार्य कम्तीमा पाँच कार्यदिनको लागि खुल्ला गरिनेछ । तर प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक दरखास्त फाराम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने गरी कम्तीमा १० वटा केन्द्रको ब्यबस्था गरिएकोमा कम्तीमा चार कार्यदिन खुल्ला गरिनेछ ।

**९.२ आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र सम्बन्धी जानकारी) :**

धितोपत्र बजारको मुख्य कार्यालय रहेको जिल्लामा कम्तिमा २ वटा सङ्कलन केन्द्र र पाँच विकास क्षेत्रको हरेक क्षेत्रमा कम्तीमा एक सङ्कलन केन्द्र रहने गरी कम्तिमा १० वटा भन्दा बढी सङ्कलन केन्द्रको व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड दरबारमार्ग, काठमाण्डौं तथा बैंकको सम्पूर्ण शाखा कार्यालयहरु ।

(ख) एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।

**९.३ आवेदन दिन सक्ने व्यक्ति तथा संस्थाहरु :**

नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुनबमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय सस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।

**९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या :**

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० (दश) अंकले भाग जाने गरी अधिकतम ६०,००,००० (साठी लाख) इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

**९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी ब्यवस्था :**

(१) योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।

(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ ।

(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।

(४) इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।

(५) इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।

(६) योजनाका इकाइहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोस्रोवजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

**९.६ आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु :**

(१) कुनै पनि नेपाली नागरिक, गैर आवासिय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आवेदन फारमसाथ आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । गैर आवासिय नेपालीको हकमा नेपाल सरकारबाट जारी गरिएको गैर आवासिय नेपाली परिचयपत्रको प्रतिलिपी स्वंयले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) आवेदकले आवेदन फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ ।

(३) नाबालकको हकमा आमा/बाबुले संरक्षक भई आवेदन दिनुपरेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा आवेदन फारमसाथ पेश गर्नुपर्नेछ ।

(४) आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई कुनै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा आवेदन दिएको अवस्थामा कानुनबमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाण अनिवार्य रुपमा आवेदन फारमसाथ पेश गर्नुपर्नेछ ।

(५) नाबालकको हकमा माथि बूँदा (३) र (४) मा उल्लेख गरिएका विवरणहरुको अतिरिक्त संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी संरक्षक स्वयंले प्रमाणित गरी आवेदन फारमसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(६) कम्पनी वा संस्थाले इकाई खरिदका लागि आवेदन दिंदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णयसहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ ।

(७) इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फारममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवेदन बुझाउनु पर्नेछ । यसरी आवेदन फारममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्रबाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ ।

(८) रु.५०,०००/–भन्दा बढी लगानी गर्ने दरखास्तवालाले आवेदन दिँदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गनुपर्नेछ । रु.१० लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फारममा आफ्नो स्थायी लेखा नम्बर **(PAN No.)** खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.१०लाख वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

(९) आवेदन दिँदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको इकाई सङ्ख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

(१०) दरखास्तवाला, नाबालक समतले स्वंयको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर अनिवार्य रुपमा आवेदन फारममा खुलाउनुपर्नेछ । साथै आवेदकले उल्लेख गर्ने खाता क्लियरिङ हाउसको सदस्यता लिएको बैंक वा वित्तीय संस्था हुनुपर्नेछ । आवेदकले योजनासँग सम्वन्धित सम्पूर्ण कार्य बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।

(११) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण इकाईको लागि एकभन्दा बढी आवेदन दिन पाइनेछैन । यदि एकै व्यक्तिले एकभन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ ।

(१२) आवेदकले कम्तीमा १०० (एक सय) इकाई तथा सोभन्दा बढी इकाई खरिदका लागि आवेदन दिन चाहेमा १० ले भाग जाने गरी अधिकतम ६०,००,००० (साठी लाख) इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछ । यस्तो इकाई लागि आवेदन दिँदा आफूले खरिद गर्न चाहेको प्रति इकाई वापत रु.१०/–का दरले एकमुष्ठ रकम आवेदनसाथ बुझाउनु पर्नेछ ।

(१३) आवेदकले सङ्कलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइनेछ र यसरी आवेदकले आवेदन दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ इकाईको आवेदन फाराम नेपाल सरकारको हुलाक सेवामार्फत रजिष्ट्री गरी पठाएका आवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । बिक्री खुल्ला भएको अवस्थामा जारी भएको भएतापनि इकाई बिक्री बन्द भएको १५(पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन ।

(१४) यस विवरण पुस्तिकाबमोजिम निष्काशन गरिने इकाईहरुमा सङ्कलित रकम विविध निर्धारित क्षेत्रमा लगानी गरिने र विद्यमान परिस्थितिमा उक्त लगानीवाट आर्जन गरिने मुनाफावाट प्रचलित कानुन वमोजिम ईकाईधनीहरुमा प्रतिफल वितरण गरिनेछ।

(१५) प्रमाणपत्र बुझ्न आउँदा र बाँडफाँटमा नपरेको इकाईबापतको रकम फिर्ता लिन आउँदा आवेदकले माथि बूँदा (१) तथा (५) बमोजिम आवेदन फारमसाथ पेश गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपीको सक्कल प्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र बाँडफाँटमा नपरेको इकाई बापतको रकम आवेदक फारममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ र इकाईको प्रमाणपत्र वितरण गरिनेछ ।

(१६) आवेदकले विवरण पुस्तिकाको राम्रोसंग अध्ययन गररे मात्र आवेदन दिनु उपयुक्त हुन्छ ।

## १०. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा :

**१०.१.इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार :**

(क) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्थावारे जानकारी प्राप्त गर्ने,

(ख) योजनाले वितरण गरेको प्रतिफल प्राप्त गर्ने,

(ग) योजना अर्न्तगतका आफ्नो नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा बिक्री गर्ने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने,

(घ) योजना व्यवस्थापकको कार्यसम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने,

(ङ) योजना सञ्चालनसम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा बोर्डमा गुनासो राखी समाधान गराउने,

(च) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण नियमावलीले व्यवस्था गरे बमोजिम प्राप्त गर्ने,

**१०.२.इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने सेवा :** खरिद गरेको योजनाको इकाई प्रमाणपत्र प्राप्त हुनेछ जसमा योजना व्यवस्थापकको कुनै एक सञ्चालक र कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये एकजना गरी दुई जनाको दस्तखत रहनेछ ।

## ११. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासोहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका अधिकृत श्री सुभाष पौडेललाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछन् । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सोको समाधान गरिनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्:

फोन नं.४००५०८० फ्याक्स नं.४००५०८४, E-mail: info@niblcapital.com

## १२. निष्काशन बैंक सम्बन्धी ब्यबस्था :

यस निष्काशनको लागि श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौंलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ । साथै आवश्यकतानुसार निष्काशन बन्द भएको तीन दिनभित्र बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :**

| क्र.सं | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री ज्योति प्रकाश पाण्डे | अध्यक्ष | |
| २ | श्री सचिन टिवडेवाल | सञ्चालक | |
| ३ | श्री रविन्द्र भट्टराई | स्वतन्त्र सञ्चालक | |

**कोष सुपरिवेक्षकका तर्फबाट** :

श्री मधुकर शम्शेर ज.ब.राणा – कोष सुपरिवेक्षक

NIBL CAPITAL

A licensed Merchant Banker and Fund Manager from SEBON

मिति : २०७३-२-०३

**श्री नेपाल धितोपत्र बोर्ड**
**जावलाखेल, ललितपुर ।**

**विषय : प्रतिबद्धता पत्र ।**

महोदय,

यस एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडले एनआईबिएल म्युचअल फण्ड अन्तर्गत एनआईबिएल प्रगति फण्ड ( NIBL Pragati Fund) को इकाइ निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. योजनाको बिक्री प्रस्ताव, धितोपत्र ऐन, सामुहिक लगानी कोष नियमावली तथा सामुहिक लगानी कोष सम्बन्धि निर्देशिकाको आधारमा अगाडी बढाईएका हुन्,

२. योजना शुरु गर्न आवश्यक सबै कानुनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरीएको छ,

३. विवरण पुस्तिकामा खुलाईएका विवरणहरु सहभागीलाइ प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
एनआईबिएल क्यापिटल मार्केट्स लि. को तर्फबाट

NIBL CAPITAL
NIBL Capital Markets Ltd.
Kathmandu, Nepal

मेघ बहादुर थापा
महाप्रबन्धक

# RKS & Associates

*Chartered Accountants*

## TO WHOM IT MAY IT CONCERN

We hereby confirm that the projected Balance Sheet, Profit & Loss Account, Cash Flow Statement, Net Assets Value (NAV) and related Schedules of NIBL Capital Markets Limited for the purpose of issue NIBL Mutual Fund's Second Scheme NIBL Pragati Fund are based on the assumptions and basis attached herewith.

The assumptions/basis and the projections have been prepared by the management of NIBL Capital Markets Limited and we assume no responsibility for the reasonableness of such assumptions.

For RKS and Associates

Chartered Accountants

RKS & Associates Kathmandu Nepal Chartered Accountants

CA. Rajesh Kumar Sah

Proprietor

Place: Kathmandu

Date :Baisakh 24, 2073

Chadani Chowk | Tanglaphant | Kirtipur-1 | Ph: 01-4433069, 951074183, 9801074183 | Email: meetrajeshca@yahoo.com

NIBL CAPITAL

# NIBL MUTUAL FUND
## PRAGATI FUND

**Fund Sponsor: Nepal Investment Bank Ltd.**
**Fund Manager: NIBL Capital Markets Ltd.**

**Notes to Projected Accounts**

**Allocation:**

We assume that the entire allocation with be done within 9 to 10 months of the first year with one third of the allocation in each quarter.

**Liquidation:**

The portfolio will start to be liquidated from the beginning of Year 7.

**Income**

**Interest Income**

Income from Operating Accounts (call accounts) amount of NPR 1,200,000 is calculated at an average return rate of 4%.

**Cash Dividend**

Income from Cash Dividend is based on estimation of 3% on average of total dividend yielding and long term capital gain yielding investment amount at the year end.

**Bonus Share**

Bonus Shares figures are based on estimation of 5% on average of total dividend yielding and long term capital gain yielding investment amount at the year end.

**Capital Gain**

Capital gain comprises of the following : -

10% capital gain return on Investment in 'Trading equity' i.e. equity shares bought for buying and selling regularly with the view of realising profit in the short term.

15% capital gain return on Investment in 'Long-term capital gain equity' i.e. equity shares bought for holding the till the medium to long-term in view of making susbtantial profit.

5% capital gain return on Investment in 'Dividend yielding equity' i.e. equity shares bought in view of earning dividend.

30% capital gain return on Investment in IPO and Right Shares.

RKS & Associates
Kathmandu Nepal
Chartered Accountants

**Expenditure**

Expenditure of the scheme is divided in the following categories: -

1. **Scheme Registration and Issue costs**
2. **Annual Regular costs**

**1. Scheme Registration and Issue costs** - are the costs that are costs incurred in the process of registration and issuance of scheme units. These costs are usually one-off costs in nature and are pre-operating costs: -

**SEBON Scheme Registration fee -** 0.1% of corpus as per mutual fund regulation.

**Fund Projection Audit Fee -** Audit fee for audit of projected accounts.

**Issue Management Fee -** Issue management fee for the issuance of scheme units by the Issue Management company, 0.2% of corpus.

**Awareness Raising, Publication and Stationery** - relates to raising awareness about mutual fund to genearl public, publication of notices in national daily newspapers and related consumable stationery expenses.

**Collection and refunding cost** - 0.1% of corpus as service charge relating to collection of funds from the initial unit offer to general public and refund of the same after unit allocation by the Issue Manager

**Certificate printing and distribution cost** - is estimated to be around 0.04% of the corpus.

**Listing and CDS fee** - Listing fee by NEPSE (Nepal Stock Exchange) is 0.075% of the corpus. CDS registration fee applicable to the scheme size is NPR 2,50,000.

**2. Annual Regular Costs**

Annual regular costs relates to the day to day expenses incurred by the fund as well as periodic renewal fees. The details of which are as follows: -

**Fund Management Fee:**
1.5% of average Asset under Management (AUM) if cash returns on average AUM of the year.

**Depository Fee:**
0.5% of the AUM.

**Fund Supervisors Fee:**
0.3% of average AUM of the year if cash returns on average AUM of the year.

**Listing and CDS renewal fee:** The annual renewal fee of NEPSE is NPR 50,000 and for CDS is NPR 150,000.

**Audit fees and expenses:** are the fee payable for the audit of annual accounts of the Scheme by an independent auditor which amounts to Nrs. 150,000 per annum tentatively.

**Reporting, publication and correspondence cost:** relates to the publication of notices and regulatory reports in national daily newspapers, correspondence with various organisations etc estimated to be about 0.05% of the corpus.

**Bank and DP charges:** such as cheques deposit fees, good-for-payment fees and Demat charges is estimated to be NPR 5,000.

RKS & Associates Kathmandu Nepal Chartered Accountants

**1st NAV Certification fee**: relates to the certification of the first Net Book Value calculation of the Scheme by independent auditor.

**Legal fees:** relates to allocation in the event of any legal matters.

RKS & Associates
Kathmandu
Nepal
Chartered Accountants